**<u>सभाबाट स्वीकृत मितिः २०७६/०३/२५</u>**

# ईन्द्रावती गाउँपालिकाको विनियोजन ऐन, २०७६

**<u>प्रस्तावनाः</u>**

ईन्द्रावती गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी ईन्द्रावती गाउँसभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "ईन्द्रावती गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**: (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **<u>रु ६७,२७,०९,०००/- (अक्षरेपी सड्सठ्ठी करोड सत्ताइस लाख नौहजार मात्र)</u>** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजनः</u>** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त ईन्द्रावती गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति तथा विषयगत शाखा एवं संघीय र प्रदेश सशर्त वजेट अनुरुप सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

**रु. हजारमा**

| क्र.सं. | व्यय विवरण | अनुमानित वजेट |
|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६१,९२३ |
| २ | पूर्वाधार विकास | २०६,००० |
| ३ | वन, वातावरण तथा विपद व्यवस्थापन | २०,७०० |
| ४ | सामाजिक विकास | ४९,७८१ |
| ५ | आर्थिक विकास | ४१,२८० |
| ६ | सुशासन तथा संस्थागत विकास | ६१,३७० |
| ७ | अघिल्लो आ.व. क्रमागत योजनाहरु | १५,००० |
| | **जम्मा खर्च (क)** | **४५६,०५४** |
| ८ | संघीय सरकारबाट सशर्त अनुदान | १८९,९००.०० |
| ९ | प्रदेश सरकारबाट सशर्त अनुदान | २६,७५५.०० |
| | **जम्मा सर्शत बजेट खर्च (ख)** | २१६,६५५.०० |
| | **कुल जम्मा खर्च (क+ख)** | ६७२,७०९.०० |